




# पृथ्वीसुब्बा गुरुङको दीर्घकालीन सोच र लमजुङको विकास

प्रकाशक:
निर्वाचन परिचालन कमिटी,
नेपाल कम्युनिष्ट पार्टी एमाले, लमजुङ

# विषयसूची

परिचय
सङ्घ र्षले खारिएका पृथ्वीसुब्बा गुरूङ
लमजुङ विकासको खाका
सामाजिक सञ्जालको विवाद र यथार्थ
प्रमुख कार्य तथा उपलब्धिहरू
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हुँदा भएका कार्यहरू
गण्डकीका मुख्यमन्त्री हुँदाभएका कार्यहरू
सञ्चार तथा सूचना प्रविधि मन्त्रीका रूपमा मुख्य उपलब्धि
पृथ्वीसुब्बा गुरूङको परिकल्पना,नेतृत्व तथा पहलमा लमजुङका विभिन्न क्षेत्रमा भएका विकासका केही झलक



# परिचय

**पृथ्वीसुब्बा गुरूङ**
नेपाल कम्युनिस्ट पार्टी एमालेका तर्फबाट
प्रतिनिधि सभा सदस्यका लागि लमजुङबाट उम्मेदवार
उपाध्यक्ष, नेपाल कम्युनिस्ट पार्टी एमाले

जन्म मिति : २०१४ बि.स.फागुन २ (१३ फेब्रुअरी १९५८)
जन्म स्थान : क्होलासोथर गाउँपालिका-९, टक्सार,लमजुङ, नेपाल
मोबाइल : ९८५११०४७५६,
इमेल : psgurung07@gmail . com

वैवाहिक स्थितिः विवाहित (चार छोरी, एक छोरा)
जीवनसाथी : कुमारी मुनी गुरूङ
भाषाहरू : गुरूङ (मातृभाषा), नेपाली, अङ्ग्रेजी
शिक्षा : विज्ञान स्नातक (बी.एस्सी.): प्रथम श्रेणी, अमृत साइन्स क्याम्पस
(त्रिभुवन विश्वविद्यालय, २०३४)

# अनुभव

- मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल सरकार
  (२०८१ असार-०८२ भदौ)
- प्रथम मुख्यमन्त्री, गण्डकी प्रदेश
  मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश नेपाल
  (२०७४ फागुन-०७७ जेठ)
- मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल
  (२०६३ चैत-२०६५ भदौ)
- सदस्य, प्रथम संविधान सभाः (२०६५-२०६९ साल)
- सदस्य, शासकीय स्वरूप निर्धारण समिति, संविधान सभा
- सदस्य, प्राकृतिक स्रोत तथा साधन समिति,व्यवस्थापिका संसद्
- जिल्ला सदस्य र अध्यक्षः नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, लमजुङ २०३७ सालबाट र २०४० सालमा अध्यक्ष
- सदस्य, लमजुङ जिल्ला खेलकुद विकास समिति २०३७ साल

## राजनीतिक यात्रा

- २०२७ सालमा लमजुङको भोर्लेटारस्थित इशानेश्वर प्रमोद हाई स्कुलमा अनेरास्ववियुको सचिवको रूपमा राजनीतिक यात्रा सुरू ।
- २०३१ सालमा अमृत साइन्स क्याम्पसमा अध्ययनरत रहँदा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेशनको सम्पर्कमा ।
- २०३५ सालमा नेकपा (माले) मा सङ्गठित भई २०३७ सालमा पार्टी सदस्यता प्राप्त
- २०४० सालमा नेकपा (माले) को जिल्ला कमिटी सदस्य ।
- २०४८ र २०५१ सालमा पहिलो र दोस्रो जिल्ला अधिवेशनबाट नेकपा (माले) को जिल्ला कमिटी सचिव निर्वाचित ।
- २०५४-२०५९, नेकपा (एमाले)को गण्डकी अञ्चल समन्वय कमिटी सचिव ।
- २०५४-२०५९, छैटौँ राष्ट्रिय महाधिवेशनबाट नेकपा (एमाले)को वैकल्पिक केन्द्रीय कमिटी सदस्य निर्वाचित ।
- २०६० -२०६५, केन्द्रीय कमिटी सदस्य, नेकपा (एमाले) ।
- २०६३-२०७१, नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ को संस्थापक अध्यक्ष
- प्रमुख केन्द्रीय जातीय मामिला विभाग,नेकपा (एमाले)/इन्चार्ज आदिवासी जनजाति फाँट
- २०६५ -२०७१, आठौँ राष्ट्रिय महाधिवेशनबाट नेकपा (एमाले) को पोलिटब्युरो सदस्यमा निर्वाचित ।
- २०६९-२०७१, सचिव, केन्द्रीय कार्यालय, नेकपा (एमाले) ।
- २०७१-२०७८, नवौँ राष्ट्रिय महाधिवेशनबाट नेकपा (एमाले) को केन्द्रीय कमिटी, सचिवमा निर्वाचित ।
- २०७१-२०७४, नेकपा (एमाले) को केन्द्रीय सङ्गठन विभाग प्रमुख ।
- २०७८-२०८३, दशौँ राष्ट्रिय महाधिवेशनबाट नेकपा एमालेको केन्द्रीय उपमहासचिवमा निर्वाचित ।
- २०८२मा सम्पन्न एघारौँ राष्ट्रिय महाधिवेशनबाट नेकपा एमालेको केन्द्रीय उपाध्यक्षमा निर्वाचित ।

## आन्दोलन र सङ्घर्षमा भूमिका

- २०३६ तथा २०३८ सालको शिक्षक आन्दोलनमा सक्रिय सहभागी भई पटक पटक हिरासत ।
- २०४१ सालको शिक्षक आन्दोलनको नेतृत्व ।
- २०३८ मा लमजुङको टक्सारमा तथा २०३९ मा घाम्राङमा कृषि श्रमिकको ज्याला वृद्धि सम्बन्धी किसान आन्दोलनको नेतृत्व ।

- लमजुङको गिलुङ गाउँ पञ्चायत वडा ८ र ९ टक्सारमा किसानहरूको घर निर्माण सम्बन्धी ढुकुटी सञ्चालन गरी ४० घर निर्माणको नेतृत्व
- पञ्चायत कालमा नेकपा (माले) को जिल्ला प्रतिरोधी दस्ताको राजनीतिक कमिसार ।
- २०४३ सालमा नेकपा मालेको पञ्चायत व्यवस्थाको उपयोग गरी भण्डाफोर गर्ने अभियान अन्तर्गत राष्ट्रिय पञ्चायतमा जनपक्षीय उम्मेदवारी ।
- २०४५ मा नेकपा माले पञ्चायत विरोधी संयुक्त सङ्घ र्ष समितिको जिल्ला संयोजक
- २०४६ सालमा संयुक्त जनआन्दोलन समिति, लमजुङको संयोजक ।
- २०६२/०६३ जनआन्दोलनमा केन्द्रीय स्तरबाट सक्रिय भूमिका निर्वाह ।
- २०६३ साल राज्य पुनर्संरचना समिति र अन्तरिम संविधान सुझाव समिति सम्बन्धी पार्टी कार्यदलको सदस्य ।
- संविधानसभामा निर्वाचित सांसदको रूपमा नेकपा (एमाले) को प्रतिनिधित्व (२०६४ साल)

## सङ्घर्षले खारिएका पृथ्वीसुब्बा गुरुङ

- लमजुङ, क्होलासोथर गाउँपालिका-९, टक्सारमा जन्मनु भएका पृथ्वीसुब्बा गुरूङ एक सरल स्वभावका इमानदार, निष्कलङ्क, दूर दृष्टि भएका र आम जनताको सहज पहुँच भएका नेता हुनुहुन्छ । सत्तामा बसेर स्वच्छ छवि बनाएका नेताका रूपमा सबैले पृथ्वीसुब्बा गुरूङको सम्मान गर्छन् । पार्टी पङ्क्तिमा कमरेड पिएसका नामले परिचित पृथ्वीसुब्बाको लप्पनछप्पन बिना सिधा, सत्य र स्पष्ट कुरा गर्ने बानी छ, जुन कुरा धेरै जनताका लागि प्रिय छ ।
- नेकपा (एमाले) मा सर्वाधिक मतका साथ उपाध्यक्षमा विजयी पृथ्वीसुब्बा गुरूङ पाँच दशकभन्दा लामो अनुभव सँगाल्नु भएका राजनेता हुनुहुन्छ । उहाँसँग सञ्चार तथा सूचना प्रविधि मन्त्री, गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तथा संविधानसभामा प्रभावकारी सदस्यको भूमिका निर्वाह गरेको अनुभव पनि छ ।
- वि. सं. २०१४ फागुन २ गते लमजुङमा जन्मिनुभएका उहाँले अमृत साइन्स कलेज (अस्कल) त्रिभुवन विश्वविद्यालयबाट बी.एससी. गर्नु भएको छ । आफ्नो कुशल नेतृत्व क्षमता, सैद्धान्तिक दृढता तथा व्यवहारिक लचिलोपन, सुशासन, समावेशिता र सन्तुलित एवम् दिगो विकासप्रतिको प्रतिबद्धताका लागि परिचित पृथ्वीसुब्बा गुरूङ सङ्घीयता, सामाजिक न्याय, रोजगारी सिर्जना र सीमान्तकृत समुदायको अधिकार को पक्षमा सशक्त वकालत गर्ने एक सशक्त नेता हुनुहुन्छ ।
- भारतीय लाहुरे परिवारमा जन्मिएका पृथ्वीसुब्बा गुरूङको बाल्यकाल सहज थिएन । कक्षा ५ देखि अध्ययन गर्नकै लागि उहाँले आफ्नो गाउँबाट करिब चार घण्टा पैदल

हिँडेर भोर्लेटार झर्नुपर्थ्यो । यात्रा कठिन भए पनि शिक्षाप्रतिको दृढ लगावका कारण उहाँको अध्ययन निरन्तर रह्यो र यही संघर्षले उहाँको व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

- विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय उहाँ विद्यार्थी आन्दोलनमार्फत सामाजिक न्याय, समानता र परिवर्तनको पक्षमा दृढतापूर्वक उभिनुभयो । उहाँले विज्ञान विषय अध्ययन गर्नुभयो र अध्ययन पूरा गरेपछि शिक्षक पेशा अपनाउनुभयो । विद्यालयमा अध्यापन गराउँदै गर्दा शिक्षकको हक–हित र शिक्षाको गुणस्तर सुधारका लागि आवाज उठाउँदा उहाँ पटक पटक हिरासतमा समेत पर्नुभयो । व्यक्तिगत जीवनमा सुर क्षित र सहज अवसरहरू हुँदाहुँदै पनि उहाँले ती बाटोहरू नछानी जनताको सेवामा समर्पित हुने कठिन तर अर्थपूर्ण मार्ग रोज्नुभयो ।
- राजनीतिमा सक्रिय भइसकेपछि उहाँले पार्टी संगठनलाई तल्लो तहदेखि सुदृढ बनाउने काम गर्नुभयो । पार्टी र राजनीतिक आदर्शप्रति निष्ठा देखाउँदै उहाँले आफ्नै पारिवारिक जग्गा र सम्पत्ति बेचेर समेत चुनाव लड्नुभयो । पद, प्रतिष्ठा र सुविधाभन्दा जनताको विश्वास र सेवा उहाँका लागि सधैं प्राथमिकतामा रह्यो ।
- फरक–फरक समयमा उहाँ संघीय सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तथा सञ्चार तथा सूचना प्रविधि मन्त्री बन्नुभयो । यद्यपि दुबै मन्त्रालयमा पूरा कार्यकाल काम गर्ने अवसर नपाए पनि उहाँले सीमित समयमा समेत नीतिगत सुधार र कार्यान्वयनमार्फत मन्त्रालयका कामहरू प्रभावकारी रूपमा अघि बढाउनुभयो । संविधान निर्माणको ऐतिहासिक प्रक्रियामा सहभागी हुँदै संविधानसभामा आदिवासी जनजाति, पिछडिएका समुदाय र सीमान्तकृत वर्गका अधिकार सुनिश्चित गर्न उहाँले गर्नु भएको दृढ संघर्ष आज पनि नेपालको राजनीतिक वृत्तमा स्मरणीय छ ।
- गण्डकी प्रदेशको संस्थापक मुख्यमन्त्रीका रूपमा उहाँले शून्य अवस्थाबाट प्रदेश सरकार सञ्चालनको सुरूआत गर्नुभयो । पूरा कार्यकाल काम गर्न नपाए पनि उहाँले सुरू गर्नुभएका योजना, निर्माण गरिएका पूर्वाधार र स्थापित संरचनाका कारण गण्डकी प्रदेश आज पनि अन्य प्रदेशहरूको तुलनामा सशक्त रूपमा अघि बढिरहेको छ ।
- चुनाव जित्दा होस् वा हार्दा, पृथ्वीसुब्बा गुरूङ सधैं लमजुङमै रहनुभयो । राजधानी केन्द्रित राजनीतिभन्दा जनतामाझ बसेर सेवा गर्ने उहाँको संस्कारले उहाँलाई एक प्रतिबद्ध, निष्ठावान र जनमुखी नेताका रूपमा स्थापित गरेको छ ।
- आफ्नो मातृभाषा गुरूङका अतिरिक्त उहाँ नेपाली र अङ्ग्रेजी भाषामा पोख्त हुनुहुन्छ । युवा विकास, पर्यटन प्रवर्द्धन र आर्थिक सशक्तीकरणमा सक्रिय रूपमा संलग्न हुँदै डिजिटल रूपमा सशक्त, समतामूलक नेपाल निर्माण गर्ने दिशामा अग्रसर रहनु भएका पृथ्वीसुब्बा गुरूङले सङ्घीय शासन व्यवस्थालाई सुदृढ पार्ने, पर्यटन प्रवर्द्धन गर्ने, श्रम सुधारको वकालत गर्ने र नेपालको सूचना प्रविधि क्षेत्रलाई अगाडि बढाउन महत्त् वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ ।

- सेवा, श्रम मर्यादा र सङ्घीय शासन मार्फत समृद्ध, समावेशी र सशक्त नेपाल निर्माण गर्न उहाँ प्रतिबद्ध हुनुहुन्छ । नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रीको रूपमा, उहाँले सञ्चार, सूचना प्रविधि, हुलाक सेवा, प्रसारण, साइबर सुरक्षा, र डिजिटल शासनसँग सम्बन्धित राष्ट्रिय नीति, कानुन र कार्यक्रमहरूको निर्माण र कार्यान्वयनको नेतृत्व गर्नु भएको थियो ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्री हुँदा उहाँलाई डिजिटल रूपान्तरणलाई प्रवर्द्धन गर्ने, आइसिटी पूर्वाधारको विस्तार सुनिश्चित गर्ने, प्रविधि मार्फत सार्वजनिक सेवा वितरणलाई सुदृढ गर्ने, नवप्रवर्तन र स्टार्टअप इकोसिस्टमलाई सहजीकरण गर्ने, नागरिकहरूको डिजिटल अधिकारको रक्षा गर्ने, नेपालको सञ्चार र आइटी हितको कट्टर वकालतकर्ताका रूपमा पृथ्वीसुब्बा गुरूङको ख्याति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा फैलिएको हो । सञ्चार तथा सूचना प्रविधि मन्त्रीका रूपमा कार्यरत रहँदा उहाँले डिजिटल नेपाल फ्रेमवर्कलाई अगाडि बढाउन र आइसिटी मार्फत सामाजिक–आर्थिक विकासलाई अगाडि बढाउन अन्तर–मन्त्रालय प्रयासहरूको समन्वय गर्नु भएको थियो । आइटीमा काम गर्ने नेपाली कम्पनीहरूले विदेशमा शाखा वा कार्यालय खोल्ने व्यवस्था कानुनमा नभएकाले ती कम्पनीहरूले विदेशमा व्यापार गर्न नपाउने, त्यहाँका आइटीसम्बन्धी गतिविधिमा भाग लिन नपाउने अवस्था थियो । उक्त अवस्थालाई अन्त्य गर्न अध्यादेश मार्फत कानुन ल्याएर विदेशमा पनि काम गर्न पाउने कार्यालय खोल्न पाउने व्यवस्था उहाँकै पहलमा भएको हो । कानुनको यो संशोधनबाट नेपाली कम्पनीहरूले विदेशमा पनि काम गर्न पाउने भए र त्यहाँको कमाइ नेपालमा ल्याउन पाउने व्यवस्था भयो ।
- सङ्घीय संसद् र प्रदेश सभाका सदस्यहरूको मुख्य संवैधानिक जिम्मेवारी कानुन तथा नीति निर्माण गर्नु, सरकार गठनमा भूमिका खेल्नु, र प्रतिपक्षमा रहँदा सरकारका नीति, कार्यक्रम र कानुनको आलोचनात्मक समीक्षा गर्दै तिनलाई जनमुखी बनाउनु हो । तर नेपालमा जनप्रतिनिधिले यी जिम्मेवारीसँगै आफ्नो निर्वाचन क्षेत्रका जनताको दैनिक समस्यामा प्रत्यक्ष संलग्न भई सेवा दिनुपर्ने अपेक्षा पनि गरिन्छ ।
- यस क्रममा जनप्रतिनिधिले बिरामीको उपचारको व्यवस्था मिलाउने, वैदेशिक रोजगारीमा ठगिएकालाई न्याय दिलाउन पहल गर्ने, बेरोजगार युवाहरूका लागि रोजगारी खोज्ने, खेलकुद तथा युवा गतिविधिमा सहयोग गर्ने, मेला–महोत्सवका लागि प्रायोजक जुटाउने, व्यवसाय सुरू गर्न चाहनेलाई ऋणको पहुँचमा सहयोग गर्ने जस्ता विविध काम गर्नुपर्छ ।
- यस्ता जनसरोकारका विषय लिएर आउने कसैलाई पनि पृथ्वीसुब्बा गुरूङले कहिल्यै निराश फर्काउनु भएको छैन । उहाँका लागि राजनीति सत्ता वा शक्तिको साधन होइन, आमजनताको सेवाको माध्यम हो ।
- पृथ्वीसुब्बा गुरूङका अनुसार बालबालिका राष्ट्रका भविष्यका आधार हुन् र उनीहरूको शिक्षा तथा क्षमता विकासमा गरिएको लगानीले देशको समृद्धि सुनिश्चित गर्छ । यही सोचअनुसार उहाँको पहलमा लमजुङका सामुदायिक विद्यालय सुधार गरिनुका साथै

आर्थिक रूपमा कमजोर तर मेधावी विद्यार्थीका लागि विभिन्न छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएका छन् । खासमा हरेक लमजुङलाई आपतविपत् पर्दा सम्झने नेता पृथ्वीसुब्बा गुरूङ हुनुहुन्छ । उहाँ गण्डकी प्रदेशको मुख्यमन्त्री हुँदा कोभिड-१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई निर्ब्याजी कर्जा उपलब्ध गराउन साना व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम कार्यान्वयन गरिएको थियो ।

- लोप हुन लागेका कला, संगीत र सांस्कृतिक परम्पराको संरक्षण र प्रवर्द्धनमा पृथ्वीसुब्बा गुरूङ निरन्तर रूपमा सक्रिय रहनुभएको छ । परम्परागत लोककला, लोकगीत, लोकनृत्य र मौलिक सांस्कृतिक अभ्यासहरूलाई जोगाउँदै नयाँ पुस्तामा हस्तान्तरण गर्न उहाँले विभिन्न कार्यक्रम, प्रशिक्षण र सांस्कृतिक उत्सवहरूलाई प्राथमिकता दिनुभएको छ । यसका अतिरिक्त उहाँले युवालाई सिर्जनात्मक र सकार ात्मक दिशातर्फ उन्मुख गराउन खेलकुदलाई प्रभावकारी माध्यमका रूपमा अघि सार्नुभएको छ । टोल, गाउँदेखि जिल्लास्तर हुँदै प्रदेशस्तरसम्म नियमित रूपमा खेलकुद प्रतियोगिता आयोजना हुने वातावरण निर्माण गर्न उहाँ सक्रिय रूपमा लाग्नुभएको छ ।

## लमजुङ विकासको खाका

- पृथ्वीसुब्बा गुरूङ जत्तिको दूर दृष्टि भएको नेता लमजुङमा मात्र होइन, समग्र देशमै विरलै पाइन्छ । लमजुङको दीर्घकालीन विकासको स्पष्ट खाका उहाँको नेतृत्वमा वि.सं. २०५४ सालतिर नै तयार गरिएको थियो । प्राकृतिक स्रोत-साधनका दृष्टिले लमजुङ अत्यन्तै समृद्ध जिल्ला हो भन्ने कुरालाई उहाँले समयमै पहिचान गर्नुभयो । जल, जमिन र जङ्गलको त्रिकोणीय उपयोगमार्फत लमजुङको समृद्धि सुनिश्चित गर्न सकिन्छ भन्ने उहाँको सोच आज पनि उत्तिकै सान्दर्भिक छ । प्रकृति, संस्कृति र साहसिक पर्यटन (Nature, Culture and Adventure) लाई विकाससँग जोड्ने उहाँको अवधारणाले लमजुङको पहिचान निर्माण गरेको छ ।
- यी अवधारणाका प्रेरणाका श्रोत देश र जनताको हितका लागि आफ्नो जीवनको आहुति दिने सहिदहरू नै हुन । पृथ्वीसुब्बा गुरूङको लमजुङ विकासको परि कल्पनालाई सार्थक बनाउन र कार्यान्वयन गर्नमा धेरै जनाको योगदान रहेको छ । लमजुङको जिल्ला विकास समितिको अध्यक्ष हुँदा जमिन्द्रमान घलेले पृथ्वीसुब्बा गुरूङको परिकल्पना परिमार्जन र परिष्कृत गर्दै कार्यान्वयनका तहमा पुऱ्याउनमा ठुलो योगदान गर्नुभयो । ती परिकल्पनालाई कार्यान्वयनको तहमा पुऱ्याउने काममा तत्कालीन गाउँ विकास समितिका प्रेम घले, धनजन्य दवाडी, कृष्ण अधिकारी, राजेन्द्र बोहोरालगायतकाजोसिला अध्यक्षहरूको ठुलो योगदानरहेको छ । । संविधानसभाको

सदस्य हुँदा टुकाभद्र हमाल, जमिन्द्रमान घले, डा. भीष्म अधिकारी तथा गण्डकी प्रदेशकातात्कालिन सांसद र प्रमुख सचेतक मायानाथ अधिकारी, तात्कालिन सांसद धनजन्य दवाडी तथा वर्तमान सांसद यशोदा रिमालको योगदान लमजुङ विकासको परिकल्पना परिमार्जन तथा कार्यान्वयनमा अतुलनीय छ । पार्टीका सक्रिय सदस्यहरू, सङ्घीय कार्यान्वयन पछि गाउँपालिका तथा नगरपालिकाका प्रमुखहरू, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुखहरू तथा आम लमजुङवासीको सक्रिय सहभागिता बिना पृथ्वीसुब्बा गुरूङको लमजुङ विकासको परिकल्पनाले सायद नै सार्थक रूप पाउने थियो ।

- प्राकृतिक र सांस्कृतिक दुवै दृष्टिले सम्पन्न भएकाले लमजुङलाई पर्यटनसँग जोड्नुपर्छ भन्ने दृष्टिकोण पनि २०५४ सालमै अघि सारिएको थियो । विशेष गरी ग्रामीण पर्यटन प्रवर्द्धन गर्न होमस्टे प्रणालीलाई प्रोत्साहन गर्ने सोच उहाँकै नेतृत्वमा विकसित भयोर यसको कार्यान्वयनमा पार्टी सक्रिय कार्यकता तथा पर्यटन अभियन्ता प्रेम घलेको योगदान अग्रणी छ । प्रेम घलेकै योगदानका कारण अहिले क्व्होलासोथार गाउँपालिकाको सम्पूर्ण टिम नै नेकपा एमालेका जनप्रतिनिधिहरू आएका हुन् । नेपालमा होमस्टेमार्फत ग्रामीण पर्यटनलाई संस्थागत रूपमा अघि बढाउन सकिन्छ भन्ने भिजन लमजुङले नै पहिलो पटक प्रस्तुत गरेको हो । त्यसैको परिणामस्वरूप, देशकै पहिलो सङ्गठित होमस्टे सञ्चालन भएको गाउँ लमजुङकै घलेगाउँ हो । आज घलेगाउँ 'स्मार्ट भिलेज', 'सार्क भिलेज' र 'सुखी गाउँ' को रूपमा चिनिनु त्यसै सोचको निरन्तरता हो ।
- लमजुङलाई पर्यटनको हब बनाउने लक्ष्यसहित ताल–तलैया, पोखरीजस्ता प्राकृतिक सम्पदा तथा गढी, कोटलगायत ऐतिहासिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनको थालनी पनि पृथ्वीसुब्बा गुरूङकै नेतृत्वमा भएको हो । जैविक विविधतालाई पदमार्ग (ट्रेकिङ रूट) सँग जोडेर पर्यटन विकास गर्न सकिए लमजुङको समृद्धि थप बढ्छ भन्ने उहाँको सोचअनुसार धेरै काम सम्पन्न भइसकेका छन् भने केही अझै कार्यान्वयनकै चरणमा छन् ।
- यी समग्र प्रयासबाट लमजुङ जिल्लामा उल्लेखनीय रोजगारी सिर्जना भएको छ । स्थानीय उत्पादनका लागि बजारको पहुँच विस्तार भएको छ भने गरिबी निवारणमा ठोस योगदान पुगेको छ । साथै, विकाससँगै वातावरण संरक्षणलाई पनि प्राथमिकता दिइएकाले स्थानीय प्राकृतिक स्रोतको संरक्षणमा सकारात्मक प्रभाव देखिएको छ । उहाँको दूरदृष्टिपूर्ण नेतृत्वअनुसार लमजुङमा जलविद्युत् क्षेत्रमा व्यापक लगानी र प्रवर्द्धन गरिएकाले स्थानीय तहमा रोजगारीका अवसर बढेका छन् र स्थानीय सरकारको राजस्वसमेत उल्लेखनीय रूपमा वृद्धि हुँदै गएको छ ।
- लमजुङमा पर्यटन र कृषिको विकासका लागि आवश्यक आधारभूत पूर्वाधार, सडक, विद्युत्, खानेपानी, इन्टरनेट, टेलिफोन, सिँचाइ घरघरमा धारा, पालिका पालिकामा अस्पताल लगायत निर्माण तथा विस्तारको काम तीव्र रूपमा अगाडि बढाइएको छ ।

यसै क्रममा मनमोहन अधिकारी सरकारको पालमा पिच भएकोडुम्रे–बेसीशहर–मनाङ सडक पृथ्वीसुब्बा गुरूङकै पहलमा अहिले दुई लेनमास्तरोन्नति गर्ने कार्य भइरहेको छ । लमजुङमा सडक सञ्जाललाई थप मजबुत बनाउन मध्य पहाडी लोकमार्ग लमजुङ हुँदै लैजाने निर्णय पृथ्वीसुब्बा गुरूङकै पहलमा सम्भव भएको हो । सुरूमा तनहुँ हुँदै लैजाने तयारी रहेको लोकमार्गलाई लमजुङबाटै निर्माण गराउन उहाँले सङ्घीय सर कारमा सक्रिय पहल र दबाब दिनुभयो, जसको परिणामस्वरूप मध्य पहाडी लोकमार्ग लमजुङ हुँदै निर्माण भयो । यस लोकमार्गले लमजुङलाई बागमती, लुम्बिनी र कर्णाली प्रदेशसँग जोड्दै कृषि उत्पादनको बजारीकरण, जलविद्युत् विकास र पर्यटन प्रवर्द्धनमार्फत जिल्लाको आर्थिक समृद्धि र गरिबी निवारणमा थप टेवा पुऱ्याएको छ ।

- कृषि प्रवर्द्धनका लागि मध्य पहाडी लोकमार्गलाई गाउँ–बस्ती र टारहरूसँग जोड्ने सडक सञ्जाल विस्तार गरिएको छ । पालिका केन्द्र जोड्ने सडकहरू निर्माण सम्पन्न भएका छन् । दोर्दी गाउँपालिकाको केन्द्र जोड्ने सडक यसको उदाहरण हो । घर–घर मा दिगो विद्युत् सेवा विस्तार गरिएको छ, कृषि उत्पादनका लागि भूमिगत सिँचाइ तथा घर–घरमा टनेल खेतीको पूर्वाधार विकास गरिएको छ । जिल्ला अस्पतालको स्तरोन्नतिसँगै दूधपोखरी, राइनासलगायत पालिका अस्पतालहरूको नयाँ भवन निर्माण सम्पन्न भएका छन् ।
- उहाँकै पहलमा लिपेपदमार्गको विकास, मानेपोखरी, दूधपोखरी, इलमपोखरी र घलेगाउँ लगायतका बस्तीहरूमा पर्यटन विकासका लागि आधारभूत पूर्वाधार निर्माणका कामहरू सम्पन्न गरिएका छन् । दुधपोखरी,मर्स्याङ्दी, राइनास, सुन्दरबजार र क्व्होलासोथार पालिकामा प्रशासकीय भवनहरू निर्माण गरिएका छन् ।
- त्यसैगरी विभिन्न स्थानमा प्रहरी चौकी, झोलुङ्गे पुल, आमा समूहहरूको भवन निर्माण,सामुदायिक भवन (समाज घर), गुम्बा मन्दिरलगायत धार्मिक स्थल र स्वास्थ्य चौकी निर्माण गरी स्थानीय नागरिकको सेवा पहुँच सहज बनाइएको छ । साथै प्रत्येक पालिकामा जलवायु मैत्री नमुना कृषि गाउँको अवधारणा अघि सार्दै कृषि र ग्रामीण विकासलाई दिगो बनाउने प्रयास गरिएको छ ।
- जल, जमिन र जङ्गलको त्रिकोणात्मक उपयोगको अवधारणाअनुसार लमजुङमा ठुला सडक सञ्जाल निर्माण गरिएका छन् भने केही सडक निर्माणाधीन अवस्थामा छन् । बाँकी रहेका कामहरू छिट्टै सम्पन्न गरी कालोपत्रे गर्ने लक्ष्य लिइएको छ ।
- सडक सञ्जालहरूले सुन्दरबजार, बेसीशहर, राइनास, मध्यनेपाललगायत आठवटै पालिकाका मुख्य केन्द्रहरूलाई आपसमा जोड्दै तथा हरेक पालिकामा चक्रपथ बनाउने, पालिकाहरूमा बृहत् खानेपानी योजना बनाएर सिँचाइ प्रबन्ध गर्ने लमजुङको समग्र सामाजिक–आर्थिक विकासलाई नयाँ गति दिएको छ ।
- पृथ्वीसुब्बा गुरूङको दीर्घकालीन सोच र विकास दृष्टिकोण बुझ्न लमजुङ केन्द्रित उहाँका केही परिकल्पनाहरू महत्वपूर्ण उदाहरणका रूपमा लिन सकिन्छ । लमजुङको

मध्यनेपाल नगरपालिकालाई कास्कीको रूपा गाउँपालिका हुँदै पोखरा महानगर पालिकासँग जोड्ने सडक उहाँको दूरदर्शी सोचको स्पष्ट नमूना हो । यस सडकको कास्की खण्ड सम्पन्न भइसकेको छ यो परिकल्पनाको मुख्य उद्देश्य पोखरामा केन्द्रित पर्यटन, व्यापार र आर्थिक गतिविधिलाई लमजुङसम्म विस्तार गर्दै क्षेत्रीय विकासमा सन्तुलन ल्याउनु हो ।

- यसैगरी उहाँले पृथ्वी राजमार्गसँग लमजुङलाई जोड्ने दीर्घकालीन योजना अन्तर्गत दमौली-भोर्लेटार-साल्मेभञ्ज्याङ-सिङ्दी-पसगाउँ-मालिङ-भुजुङ हुँदै बेसीशहर जोड्ने सडक परिकल्पना गर्नु भएको छ । यस मार्गको विकासले पश्चिमी लमजुङका पर्यटकीय सम्भावना उजागर हुनुका साथै स्थानीय उत्पादन, रोजगारी र आर्थिक गतिविधि उल्लेखनीय रूपमा बढ्ने अपेक्षा गरिएको छ ।
- सधैं पहिरोको जोखिममा रहने बेसीशहर-चामे सडकको विकल्पका रूपमा तार्कुघाट-रामचोक-चिति-सिमलचौर-मर्स्याङ्दी गाउँपालिकाका विभिन्न स्थान हुँदै मनाङ जोड्ने वैकल्पिक राजमार्गको अवधारणा अघि सार्नु पनि उहाँको दूरगामी सोचकै परिणाम हो । यसले मनाङसँग सुरक्षित र दिगो सडक सञ्जाल स्थापना गर्नुका साथै पूर्वी लमजुङको आर्थिक समृद्धिको बलियो आधार तयार पार्ने विश्वास गरिएको छ ।
- सुशासनलाई प्रवर्द्धन गर्न उहाँले प्रहरी चौकी तथा वडा कार्यालयहरूमा द्रुत गतिको इन्टरनेट जडानको पहल गर्नु भएको छ । साथै किशोरकिशोरीहरूको उज्ज्वल भविष्य सुनिश्चित गर्न विद्यालयहरूमा क्ष्ऋत ल्याब स्थापना गर्ने परिकल्पनासमेत अघि सार्दै डिजिटल शिक्षा र प्रविधिमैत्री प्रशासनतर्फ महत्वपूर्ण कदम चाल्नुभएको छ ।
- टारहरू लमजुङका कृषि उत्पादनका मुख्य आधार क्षेत्र हुन् । पृथ्वीसुब्बा गुरूङको सोच अनुसार लमजुङ जिल्लामा रहेका कर्पूटार, भोर्लेटार, रम्घाटार, बर्रेटार, रामचोकफाँट र राइनासटारजस्ता महत्त्वपूर्ण टार क्षेत्रहरूमा बाह्रै महिना सिँचाइको सुनिश्चित व्यवस्था गरिएको छ । वर्षभरि सिँचाइ उपलब्ध भएमा यहाँ नगदे बाली तथा खाद्यान्न उत्पादनमा उल्लेखनीय वृद्धि हुनेछ । विशेष गरी तरकारी, फलफूल र अन्य नगदे बालीको व्यावसायिक खेती विस्तार भई यी क्षेत्रहरू क्रमशः तरकारी हब तथा नगदे बालीको हबका रूपमा विकास हुन सक्छन् । यसले स्थानीय किसानको आम्दानी बढाउने मात्र होइन, जिल्लाको समग्र कृषि अर्थतन्त्रलाई समेत मजबुत बनाउनेछ ।
- यससँगै भौगोलिक बनावट, हावापानी र जैविक विविधताका कारण लमजुङका पहाडी गाउँहरूमा जडीबुटी खेतीको ठुलो सम्भावना रहेको छ । उहाँको सोच व्यावसायिक रूपमा जडीबुटी खेती विकास गर्न सकेमा किसानहरूलाई नयाँ आम्दानीको स्रोत प्राप्त हुनेछ र औषधिजन्य उद्योगका लागि कच्चा पदार्थको आपूर्ति पनि सुनिश्चित हुनेछ ।
- कृषिसँगै पशुपालन क्षेत्रको विकास पनि उत्तिकै महत्त्वपूर्ण छ । उन्नत जातका गाई भैंसी, बाख्रा, भेडा तथा कुखुरापालनलाई प्रवर्द्धन गर्दै घाँस, दाना र पशु स्वास्थ्य सेवामा लगानी बढाउँदै दूध, मासु र अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भरता हासिल

गर्न सकिन्छ । कृषि, जडीबुटी र पशुपालनको एकीकृत विकासले ग्रामीण अर्थतन्त्रलाई दिगो बनाउनेछ ।

- पृथ्वीसुब्बा गुरूङको दीर्घकालीन सोच र नीतिगत दृष्टिकोणअनुसार कार्यान्वयन गरिएका यी कार्यक्रमहरूको समग्र प्रभाव आज लमजुङ जिल्लामा स्पष्ट रूपमा देखिन थालेको छ । ग्रामीण क्षेत्रमा रोजगारीका नयाँ अवसर सिर्जना भएका कारण गाउँबाट सहरतर्फ हुने बसाइँ सराइ क्रमशः घट्दै गएको छ । यससँगै, वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्था पनि पहिलेको तुलनामा उल्लेखनीय रूपमा कम भएको छ ।
- कृषि क्षेत्रमा प्रदान गरिएका अनुदान र प्राविधिक सहयोगले गर्दा कृषि उत्पादकत्वमा वृद्धि भएको छ । यसले किसानहरूको आय स्तर उकास्नुका साथै खेतीलाई सम्मानजनक र आकर्षक पेसाका रूपमा स्थापित गर्न मद्दत गरेको छ । त्यस्तै, होमस्टे प्रवर्द्धन, पदमार्ग तथा पर्यटन पूर्वाधारको विकासले लमजुङलाई आन्तरिक र बाह्य पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा स्थापित गरेको छ । पर्यटन गतिविधि बढेसँगै स्थानीय स्तरमै रोजगारी र स्वरोजगारका अवसरहरू सिर्जना भएका छन् । यसका परिणामस्वरूप, वैदेशिक रोजगारीका लागि बिदेसिएका धेरै युवा पुनः आफ्नै गाउँ फर्केर कृषि, पर्यटन, सेवा र साना उद्यममा संलग्न हुन थालेका छन् । गाउँमै काम गर्ने वातावरण बनेपछि उनीहरू आत्मनिर्भर बन्ने मात्र होइन, स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन पनि महत्त्वपूर्ण योगदान दिइरहेका छन् । आयआर्जनका अवसर गाउँमै विस्तार हुँदै गएपछि युवाहरू बिदेसिनु पर्ने बाध्यता क्रमशः घट्ने विश्वास थप बलियो बन्दै गएको छ । अन्ततः जनशक्ति नै विकासको मूल आधार भएकाले स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गर्दै युवा शक्तिलाई गाउँमै टिकाइ राख्नु लमजुङको दिगो विकासको प्रमुख आधार हो । रोजगारी, उत्पादन र उद्यमशीलतामार्फत गाउँलाई आत्मनिर्भर बनाउने यही रणनीतिले लमजुङलाई समृद्ध, समावेशी र दीर्घकालीन विकासतर्फ अग्रसर गर इरहेको छ ।
- वि.सं. २०५४ सालमा नै हरित सडकदेखि लमजुङलाई हाइड्रोको हब बनाउने सम्मका परिकल्पना उहाँले गर्नु भएको हो । त्यही अनुसार आफू सत्तामा नभए पनि तत्कालीन गाविस तथा जिविसका पदाधिकारीहरूलाई अभिमुखीकरण गरेर कार्यान्वयनको सुरूवात गर्नुभयो । अहिले त्यही परिकल्पना अनुसार नै पालिकाहरूको विकास भइरहेको छ ।
- यसै गरी लमजुङका सबै पालिकाको केन्द्रसम्म सडक पहुँच पुऱ्याउने, झोलुङ्गे पुल निर्माण, पालिका भवन निर्माण, पालिका अस्पताल, विद्यालय भवन, सिँचाइ आयोजना, होमस्टे निर्माण तथा क्षमता अभिवृद्धि, नयाँ पदमार्ग (ट्रेकिङ रूट) निर्माण, पर्यटन प्रवर्द्धनका लागि भौतिक संरचना निर्माणजस्ता काम उहाँकै पहलमा सुरू भएका हुन् ।

- सामुदायिक स्तरमा करापुटार मन्दिर क्षेत्रमा सामुदायिक भवन, समाज घर र श्मशानघाट तथा क्रियापुत्री भवन, गुम्बा, मन्दिर, मस्जिद, चर्च लगायत धार्मिक स्थलहरूको निर्माण, पोखरी निर्माण, "एक घर एक धारा" कार्यक्रम, प्रहरी चौकी, खेलमैदान, कभर्ड हल, चिस्यान केन्द्र, टेलिफोन टावर निर्माणजस्ता अनेकन् विकासका कामहरू उहाँकै नेतृत्वमा अघि बढाइएका छन् ।
- उहाँको नेतृत्वमा कृषि नमुना गाउँ स्थापना, कृषिमा प्राविधिक सहयोग तथा टनेल खेती प्रवर्द्धन, विद्यालयहरूमा स्मार्ट कक्षा र कम्प्युटर ल्याब स्थापना, नयाँ विद्यालय भवन निर्माणका कामहरू सम्पन्न भएका छन् ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्री रहँदा उहाँले लमजुङका सबै सामुदायिक विद्यालयमा अत्याधुनिक प्रविधियुक्त स्मार्ट कक्षा र सूचना प्रविधियुक्त कम्प्युटर ल्याब स्थापना गर्ने कार्य सुरू गर्नुभयो । सरकार परिवर्तन हुनुअघि नै तीमध्ये आठ वटा विद्यालयमा यो कार्यक्रम कार्यान्वयन भइसकेको थियो ।
- लमजुङमा प्रत्येक घरमा फोरजी मोबाइल सेवा पुऱ्याउने व्यवस्था मिलाउनुका साथै सबै वडा कार्यालय र विद्यालयमा इन्टरनेट सेवा सुचारू गर्न फाइबर टु द होम (FTTH)का लागि सडकमा तार विछ्याउने काम उहाँकै पहलमा भइरहेको छ ।
- विशेष गरी सूचना प्रविधि क्षेत्रमा करियर बनाइरहेका जेन-जी पुस्ताको आम्दानी र अवसर बढाउने उद्देश्यले उहाँले इन्टरनेट पहुँचलाई विकासको मुख्य आधार बनाउनुभयो । उहाँको सोच इन्टरनेटको व्यापक पहुँच मार्फत विद्युतीय सुशासन स्थापना गर्ने थियो । त्यसका लागि लमजुङलाई "आइसिटी मोडल जिल्ला"का रूपमा विकास गरी त्यो मोडल देशभर लागू गर्ने योजना उहाँले अघि सार्नु भएको थियो ।
- उहाँकै पहलमा तिलिचो ताल क्षेत्रमा फोरजी सेवा विस्तार, सगरमाथा बेसक्याम्पमा सञ्चार पहुँच, नागढुङ्गा सुरूङ मार्ग भित्र इन्टरनेट र नेटवर्क जडानको काम सुरू गरिएको हो ।
- पृथ्वीसुब्बा गुरूङले लमजुङमा कसैप्रति पक्षपात नगरी अवसर र सहभागिताका लागि निष्पक्ष अभिभावकत्व प्रदान गर्नु भएको छ । सकारात्मक सोच, फराकिलो हृदय र सृजनशीलतालाई निरन्तर प्रोत्साहन गर्ने उहाँको यही गुणका कारण पार्टीभित्र तल्लो तहबाट अघि बढ्दै नेकपा एमालेको उपाध्यक्ष पदमा लोकप्रिय मतका साथ निर्वाचित हुनुभएको हो ।
- प्रत्येक संसदीय निर्वाचनमा उहाँले लमजुङमा आफ्नो मत संख्या निरन्तर बढाउँदै लैजानु भएको छ । सङ्घीयता कार्यान्वयनपछि प्रदेश तहलाई अधिकार र विकासका स्रोत सुदृढ बनाउने दिशामा उहाँले जग हाल्ने काम गर्नु भएको छ र सक्षम तथा प्रभावकारी सरकार सञ्चालन गरेर उदाहरण प्रस्तुत गर्नु भएको छ ।

## प्रमुख कार्य तथा उपलब्धिहरू

- सङ्घीय सांसदका रूपमा रहँदा होस् वा संविधानसभाका सदस्यका रूपमा, सङ्घीय सरकारमा मन्त्री हुँदा होस् वा गण्डकी प्रदेश सरकारको संस्थापक मुख्यमन्त्रीका रूपमा, वा निर्वाचनमा पराजित भई कुनै औपचारिक पदमा नरहँदा, पृथ्वीसुब्बा गुरुङले लमजुङको विकास र लमजुङवासीको हितका लागि निरन्तर समर्पित भई कार्य गर्नु भएको छ । सेवा, श्रम र मर्यादालाई राजनीतिक आचरणको मूल आधार मानी सङ्घीय शासन प्रणालीमार्फत समृद्ध, समावेशी र सशक्त नेपाल निर्माण गर्ने दृढ प्रतिबद्धतासहित उहाँले आफ्नो सम्पूर्ण राजनीतिक यात्रामा लमजुङ मात्र होइन, समग्र नेपाल र नेपाली जनताको हितलाई प्राथमिकतामा राख्दै महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ ।

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हुँदा भएका कार्यहरू

### दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा प्रस्ताव

- नेपालको दीर्घकालीन हवाई यातायात आवश्यकतालाई मध्यनजर गर्दै तराई–मधेस क्षेत्रको रणनीतिक स्थान निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रस्ताव अघि बढाइएको थियो ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमतामा देखिएको चाप, भविष्यमा यात्रु तथा कार्गो आवागमनको तीव्र वृद्धि, र नेपाललाई दक्षिण एसियाको ट्रान्जिट हबका रूपमा विकास गर्ने लक्ष्यका आधारमा निजगढ विमानस्थललाई राष्ट्रिय प्राथमिकताको पूर्वाधार परियोजनाका रूपमा प्रस्ताव गरिएको हो । यसले पर्यटन, लगानी, रोजगारी र क्षेत्रीय विकासमा दीर्घकालीन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### भैरहवा र पोखरा क्षेत्रीय विमानस्थल सम्बन्धी नीतिगत निर्णय तथा स्रोत व्यवस्थापनको पहल

- भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक नीतिगत निर्णयहरू लिइएका छन् । अन्तर्राष्ट्रिय उडान आकर्षण, हवाई कम्पनीलाई प्रोत्साहन, उडान सुरक्षा, सेवा शुल्क पुनरावलोकन तथा आवश्यक भौतिक र प्राविधिक पूर्वाधारका लागि स्रोत व्यवस्थापनको पहल गरिएको छ । यी विमानस्थलहरूलाई पर्यटन, धार्मिक यात्रा र क्षेत्रीय आर्थिक विकासको केन्द्रका रूपमा स्थापित गर्ने उद्देश्य राखिएको छ ।

### ऐतिहासिक राजदरबार तथा सम्पत्तिको राष्ट्रियकरण

- स्वर्गीय राजा वीरेन्द्र तथा उहाँको परिवारको नाममा रहेका नारायणहिटी, हनुमान ढोका, पाटन, भक्तपुर, नुवाकोट र गोरखा राजदरबारहरूलाई राष्ट्रियकरण गरी नेपाल ट्रस्टको व्यवस्थापनमा ल्याइएको छ । साथै नागार्जुन दरबार, गोकर्ण दरबार,

रत्न मन्दिर, दियालो बङ्गला लगायत करिब ३४ हजार रोपनी जग्गा नेपाल सरकार को स्वामित्वमा ल्याइएको छ । यस कदमले राष्ट्रिय सम्पदाको संरक्षण, सार्वजनिक उपयोग, सांस्कृतिक पर्यटन प्रवर्द्धन र राज्यको सम्पत्ति व्यवस्थापनमा पारदर्शिता कायम गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

**थप हिमालहरू आरोहणकालागि खुला तथा रोयल्टी निःशुल्कव्यवस्था**

- पर्यटन प्रवर्द्धन र पर्वतारोहण क्षेत्रको विस्तारका लागि थप हिमालहरू आरोहणका लागि खुला गरिएको छ । विशेष गरी सुदूरपश्चिम र मध्यपश्चिम क्षेत्रका हिमालहरूको आरोहण रोयल्टी निःशुल्क गर्ने निर्णयले ती दुर्गम क्षेत्रहरूमा साहसिक पर्यटन, स्थानीय रोजगारी र समग्र क्षेत्रीय विकासलाई प्रोत्साहन गरेको छ ।

**राष्ट्रिय गानको सार्वजनिकीकरण**

- राष्ट्रिय पहिचान, एकता र नागरिक गर्व अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रिय गानलाई सार्वजनिक रूपमा सहज पहुँचयोग्य बनाइएको छ । विद्यालय, सार्वजनिक कार्यक्रम तथा विभिन्न सञ्चार माध्यममार्फत राष्ट्रिय गानको प्रयोग र प्रचारलाई प्रोत्साहन गरिएको छ ।

**प्रज्ञाप्रतिष्ठानको पुनर्संरचना**

- साहित्य, कला र संस्कृतिको समग्र विकासका लागि प्रज्ञा प्रतिष्ठानको पुनर्संरचना गरी तीन छुट्टाछुट्टै प्रतिष्ठान – प्रज्ञा प्रतिष्ठान, सङ्गीत नाट्य प्रतिष्ठान र ललितकला प्रतिष्ठान – स्थापना गरिएको छ । यसले साहित्य, सङ्गीत-नाट्य र ललितकलाका क्षेत्रलाई संस्थागत रूपमा सुदृढ बनाउँदै सृजनशीलता, अनुसन्धान र सांस्कृतिक पहिचानलाई थप मजबुत बनाउने लक्ष्य राखेको छ ।

## गण्डकीका मुख्यमन्त्री हुँदाभएका कार्यहरु

गण्डकी विश्वविद्यालयको स्थापना
गण्डकी प्रशिक्षण प्रतिष्ठानको स्थापना
गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापना
गण्डकी विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना
गण्डकी ताल संरक्षण तथा विकास प्राधिकरण
गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना
योजनाबद्ध विकासको सुरूवात
गण्डकी प्रदेश उज्यालो प्रदेश,
एक घर एक धारा खानेपानी अभियान

एक पालिका एक मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ
कृषि चक्लाबन्दी कार्यक्रम
एक निर्वाचन क्षेत्र एक सडक
स्थानीय तहको केन्द्र जोड्ने सडक
सडक पूर्वाधारमा नयाँ आयाम
पालिका स्तरमा उद्योग ग्रामको स्थापना सुरू
व्यवसाय सुरक्षा कोषको स्थापना
गण्डकीका ११ जिल्लामा ३ सय वटा होमस्टेको स्थापना
४४ वटा पर्यटकीय गन्तव्य घोषणा गरी विकास त्यसका लागि आवश्यक संरचनाको निर्माण
जिल्ला अस्पतालको सुदृढीकरण

- मुख्यमन्त्री हुँदा गण्डकी प्रदेशको ११ जिल्लामा मध्ये लमजुङमा समानिकरण सशर्त अनुदानमा स्थानीय तहलाई सबैभन्दा बढी बजेट विनियोजन भएको थियो । र लमजुङका ८ वटा पालिकाबाट प्रदेशका रकमबाट पनि धेरै विकासका काम भएका थिए ।
- मुख्यमन्त्री हुँदा लमजुङका लागि पटक पटक विभिन्न शीर्षकमा आठ अर्बभन्दा बढी बजेट निकासा गर्नुभयो ।
- लमजुङबाट निर्वाचित प्रदेश सांसदहरूले ३ वर्षमा १२ करोड रूपैयाँ निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम मार्फत नयाँ सडक ट्याक खोल्ने, आमा समूह भवन निर्माण, सामुदायिक भवन निर्माण, खेल मैदान, पदमार्ग निर्माण, विद्यालय भवन निर्माण लगायत खानेपानी कृषि पशुपालन, गरिब विपन्नहरूलाई सहयोगी कार्यक्रम सम्पन्न भएका थिए ।
- पृथ्वीसुब्बा गुरूङ मुख्यमन्त्री हुँदा २० किलोमिटर सडक कालोपत्रे भयो, ३० किलोमिटर सडक ग्राभेल भयो, ६ वटा झलुङ्गे पुल बने, ८ वटा मोटरेबल पुलमा ५ वटा सम्पन्न भए ३ वटा निर्माण सम्पन्नको अन्तिम चरणमा, ५ किलोमिटर ढलान, १५ वटा नयाँ भवनहरू जनता आवास कार्यक्रम अन्तरगत ४० वटा घर, पर्यटकीय पार्कहरू, पदमार्ग होमस्टे, कृषिका मोडल फार्महरू, घर घरमा टनेल, पशुपालन अनुदान, बिरूवा वितरण, सिँचाइ, जिल्ला अस्पतालको सुदृढीकरण लगायतका काम भएका छन् ।
- लमजुङमा हरेक वर्ष ३ करोडको बराबरको कृषिमा अनुदान लगानी भएको छ ।

## सञ्चार तथा सूचना प्रविधि मन्त्रीका रूपमा मुख्य उपलब्धि

